कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं.: ३८

मिति : २०७८।०४।०५

**श्री सम्पूर्ण सामुदायिक तथा परम्परागत विद्यालय,**
कोशी गाउँपालिका गाउँकार्यापालिका कार्यालय
लौकही,सुनसरी,प्रदेश नं.१

विषय :-सम्पति विवरण बुझाउने सम्बन्धमा

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिन (२०७८ भाद्र २८ गते) भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान अनुरुप यस कोशी गाउँपालिका अन्तर्गत संचालित सामुदायिक तथा परम्परागत विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुले आ.व. २०७७/०७८ को सम्पत्ति विवरण तोकिए बमोजिमको ढाँचामा फारम भरी तपसिलको विवरण खाम बाहिर उल्लेख गरी सम्बन्धित शिक्षक/विद्यालयले राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ । साथै विद्यालयमा कार्यरत करार, राहत, प्रारम्भिक बाविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको सम्पत्ति विवरण यस कोशी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयावधि भित्र बुझाउनुहुन यसै पत्रद्वारा जानकारी गराइन्छ ।

नोट :- १) आ.व. २०७७/०७८ (अर्थात २०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्म) सेवानिवृत्त भएको शिक्षकले समेत उपर्युक्तानुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।२) सम्पत्ति विवरण फाराम राष्ट्रिय किताबखाना (शिक्षक)को website:- www.stro.gov.np मा उपलब्ध छ ।

<u>तपसिल</u>

आ.व. २०७७/०७८ को सम्पत्ति विवरण शिक्षकको संकेत नं. :

| क्र.स. | शिक्षकको संकेत नं.:- | |
|---|---|---|
| | | कार्यरत विधालय र ठेगाना:- |
| १ | शिक्षकको नाम थर:- | जिल्ला:- |
| २ | तह :- | मोइबाइल नं. |
| ३ | श्रेणी:- | इमेल ठेगाना:- |

बोधार्थ :-
सुचना तथा प्राविधिक शाखा **website मा upload** गरिदिनुहुन ।

बेदराज आधिकारी
(शिक्षा प्रमुख)

बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख
(अधिकृत छैठौं)